बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ लिलाम बिक्रि सम्वन्धी सूचना
**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/२८**

यस गाउँपालिकाको बबई नदि आसपासको कालितरा र च्याटिखोला दोभान क्षेत्रमा अबैधरुपमा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदिजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्ने गाउँ कार्यपालिकाको मिति २०८०/०१/२७ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशिंत भएको मितिले ७(सात) दिन भित्र सिलबन्दी फाराम यस गाउँपालिकामा पेश गर्नु पर्नेछ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपशिल :

| ठेक्का नं. | नदी क्षेत्र | परिमाण ( घ.मि. ) | न्युनम कबोल अंक ( भ्याट बाहेक ) रु. | धरौटी रकम प्रतिशत | लिलाम बिक्री फाराम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| BA/11/2079/080 | बबई नदी कालितरा र च्याटीखोला दोभान क्षेत्र | २०६६ | ५८३६८६.३२ | कबोल अंकको ५ प्रतिशत | १०००/ | |

शर्तहरु :

१) उपरोक्त लिलाम बिक्रीको लागि सूचना प्रकाशित भएको मिति २०८०/०१/२८ देखि २०८०/०२/०३ सम्म कार्यालय समय भित्र फाराम खरिद गर्न र मिति २०८०/०२/०४ गते दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी फाराम बुझाउनु पर्नेछ । मिति २०८०/०२/०४ गते दिउँसो २:०० बजे लिलाम बिक्रीको सिलबन्दी फाराम प्रोपराइटर वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । प्रोपराइटर वा निजको प्रतिनिधी उपस्थित नभए पनि लिलाम बिक्रीको सिलबन्दी फाराम खोल्न बाधा पर्ने छैन ।

२) ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नुपर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षीय सम्झौता बमोजिम हुनेछ ।

३) लिलाम गर्नुपर्ने माल हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने हुनाले बोलपत्रदाताले ठेक्का कबोल गर्नुअघि उक्त स्थलको निरीक्षण समेत गरी बोलपत्र पेश गर्नुपर्नेछ। पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको वादविवाद गर्न वा छुट वा मिनाहा माग गर्न पाईनेछैन।

४) माथि उल्लेखित लिलाम बिक्री गरिने नदीजन्य पदार्थको ठेक्काको कबोल अंकको थप मूल्य अभिबृद्धि कर १३ प्रतिशत र अग्रिम आय कर १.५ अग्रिमरुपमा बुझाउनु पर्नेछ ।ठेक्काको कबोल अंक बापतको राजश्व रकम एकमुष्ट बुझाउनु पर्नेछ । एकमुष्ट बुझाउन सम्भव नभएमा प्रथम किस्ता वापतको ५० प्रतिशत रकम सम्झौता हुनु अगाडी र बाँकी ५०

०८०/१/२८

मुक्ति नन्द रावल
प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प्रतिशत रकम जेठ मसान्तसम्म बुझाईसक्नु पर्नेछ। बाँकी ५० प्रतिशतको २०८० असार मसान्तसम्मको बैंक जमानत संलग्न गर्नुपर्नेछ।

५) धरौटी बापत कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम हापुरे स्थित नबिल बैंकमा रहेको यस कार्यालयको बबई ग ३ धरौटी खाता खाता नं. २२००१०१७५०००२१ मा नगद दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको विडवन्डको सक्कल प्रतिसाथ संलग्न गरी पेश गर्नु पर्नेछ । धरौटी बापत पेश गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त धरौटी कामकाज सम्पन्न भए पश्चात नियमानुसार कागजात पेश गरेपछि फुकुवा गरिनेछ ।

६) लिलाम बिक्रि फाराम ( फिर्ता नहुने गरी) दर्ता प्रमाणपत्रसहित नबिल बैंक लिमिटेड स्थित यस कार्यालयको ग १.१ आन्तरिक राजस्व खाता २२००१०१७५०००३१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी लिलाम बिक्रि फाराम खरिद गरी रितपुर्वक पेश गर्नुपर्नेछ।

७) कारण जनाई वा नजनाई लिलाम बिक्रीको फाराम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) लिलाम बिक्रीको ठेक्कामा कुनै विवाद आएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) लिलाम बिक्रीको कवोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०) यस सूचना तथा लिलाम बिक्रीको ठेक्काका अन्य शर्तहरु पुरा नभएका सिलवन्दी फारामहरु मूल्यांकनमा समावेश गरिने छैन । अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

८०/१/२८

प्रमुख प्रशासकीय अधिकृत

मुक्ति नन्द रावल
प्रमुख प्रशासकीय अधिकृत